# प्रेस विज्ञप्ति
## श्रावण १६, २०८१

## एन आई सी एशिया क्यापिटलद्धारा संचालित सामूहिक लगानी कोष योजनाहरुको प्रतिफल घोषणा ।

एन आई सी एशिया क्यापिटल लिमिटेडको मिति २०८१ श्रावण १६ गते बुधबार दिनको ४:०० बजे क्यापिटलको कार्यालय थापाथली, काठमाण्डौमा बसेको संचालक समितिको १४३औं बैठकले आर्थिक वर्ष २०८०/०८१ का लागि एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत संचालित योजनाहरु योजनाहरुको देहाय बमोजिम प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| क्र.सं. | योजनाको नाम | योजनाको किसिम | घोषणा गरेको प्रतिफल दर | जम्मा प्रतिफल रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|
| १ | एन आई सी एशिया सेलेक्ट-३० (इन्डेक्स फण्ड) | बन्दमुखी | १४.००% | १७५,०००,०००.०० | |
| २ | एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड | बन्दमुखी | १०.५०% | १०७,१००,०००.०० | |
| ३ | एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड | खुलामुखी | १०.००% | - | कर सहित |
| ४ | एन आई सी एशिया ग्रोथ फण्ड | बन्दमुखी | ९.५०% | ७९,३४४,०००.०० | |
| ५ | एन आई सी एशिया ब्यालेन्सड् फण्ड | बन्दमुखी | ९.२५% | ६९,८३७,५००.०० | |

एन आई सी एशिया ग्रोथ फण्डले पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष १२ प्रतिशत, तेश्रो वर्ष ३० प्रतिशत, चौंथो वर्ष १३ प्रतिशत, पाँचौं वर्ष १०.५० प्रतिशत तथा छैटौं वर्ष अर्थात आ.व. २०८०/८१ को लागि घोषणा गरेको ९.५० प्रतिशत सहित हालसम्म ८५ प्रतिशत प्रतिफल वितरण गर्न सफल भएको छ । एन आई सी एशिया ब्यालेन्सड् फण्डले संचालनमा आएको पहिलो वर्ष ८ प्रतिशत, दोश्रो वर्ष ३० प्रतिशत, तेश्रो वर्ष १३ प्रतिशत, चौंथो वर्ष १० प्रतिशत तथा पाँचौं वर्ष अर्थात आ.व. २०८०/८१ को लागि घोषणा गरेको ९.२५ प्रतिशत सहित हालसम्म ७०.२५ प्रतिशत नगद प्रतिफल वितरण गर्न सफल भएको छ । पहिलो खुलामुखी योजना एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड संचालनमा आएको पहिलो वर्षमा १० प्रतिशत, दोश्रो वर्ष ६ प्रतिशत, तेश्रो वर्ष १० प्रतिशत तथा चौंथो वर्ष अर्थात आ.व. २०८०/८१ को लागि घोषणा गरेको १० प्रतिशत सहित हालसम्म ३६ प्रतिशत नगद प्रतिफल वितरण गर्न सफल भएको छ ।

नेपालमा संचालित सामूहिक लगानी कोष योजनाहरु मध्ये सुरक्षित अर्थात न्यून जोखिम र नियमित रुपमा प्रतिफल वितरण गर्न सक्ने पहिलो खुलामुखी योजना "एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड" अन्तर्गत Systematic Investment Plan (SIP) तथा Systematic Withdrawal Plan (SWP) योजनाहरु समेत संचालन गरिरहेको र उक्त योजनामा अनलाईन मार्फत सहज रुपमा सहभागी हुन मिल्ने व्यवस्था मिलाइएको छ ।

Ramendra

.............................

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत